# विश्रामपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

# सटर भाडामा लगाउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।११।२९ गते**

यस कार्यालयको मिति २०७८।११।२७ गतेको निर्णय बमोजिम बिश्रामपुर गाउँपालिका वडा नं. ३ मा बिश्रामपुर सार्वजानिक पोखरीको उत्तर तर्फ रहेको सटरहरु मध्ये केही सटर भाडामा लगाउन बाकी रहेकोले इच्छुक व्यक्ति वा फर्मले देहायका शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको सिलबन्धी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सटर नं. | न्युनतम मासिक भाडा दर (रु.) | दरभाउ पत्र फारम दस्तुर (रु.) | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति | दरभाउ पत्र पेश गर्ने अन्तिम मिति | दरभाउ पत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | २,७,९,१०,११, १२,१४,१५,१६ र १७ | २,०००।- | ५००।– फिर्ता नहुनेगरी | २०७८।१२।१३ गते सम्म कार्यालय समयमा | २०७८।१२।१४ गते मध्यान्ह १२: ००बजे सम्म | २०७८।१२।१४ गते दिउँसो २:०० बजे |

<u>शर्तहरु:</u>

१. दरभाउपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा भए नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्र स्थायीय लेखा प्रमाण पत्रको प्रतिलिपी , आ.व. २०७७।०७८ को कर चुक्ताको प्रमांण पत्रको प्रतिलिपी र प्रपराईटरको नागरिकता प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ पेश गर्नु पर्नेछ ।

२. वार्षिक भाडावापत कबोल गरेको कुल रकमको ५ % ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं ११३००७२०३०८०००४१ एनएमवि बैंक बिश्रामपुर शाखामा मा दखिला गरी सो को सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

३. सम्झौता अवधि ५ (पाँच) वर्षको हुनेछ । सम्झौता बखत ६ महिनाको भाडा रकम अग्रीम दाखिल गर्नुपर्नेछ । बाँकी भाडा रकम सम्झौता बमोजिम हुनेछ ।

४. पानी र बिजुली महशुल सटर भाडामा लिनेले स्वयंले व्यहोर्नपर्नेछ,सो सम्बन्धी थप शर्त सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

५. जुन प्रयोजनका लागि सटर भाडामा लिइको हो , सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ। अन्यथा पाइएमा सम्झौता खारेज गरी सटर खाली गराईनेछ ।

२०७८/११/२९

दिपक लाल पाल
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. स्वास्थ्यलाई प्रतिकुल असर पार्ने तथा प्रचिलित कानुनले निषेध गरेका वस्तु/ सेवा विक्रीवितरण तथा प्रयोग गर्न पाइने छैन।

७. सिलबन्दी दरभाउ पत्र खोल्दा कार्यालयका प्रतिनिधी एंव दरभाउपत्रदाताहरु प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता प्रतिनिधीहरु अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउपत्र खोल्ने बाधा परेको मानिननेछ।

८. एउटा व्यक्ति वा फर्मले एकभन्दा बढी दरभाउपत्र खरिद तथा दाखिल गर्न पाउन छैन। साथै, जसको नाममा ठक्का सकार हुन्छ, उसैले मात्र व्यवसाय संचालन गर्नुपर्नेछ, पुन अर्कोलाई भाडामा लगाउन पाइने छैन।

९. पेश हुबन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदाताको प्रस्ताव स्विकृत गरी सम्झौता प्रकृया अगाडि बढाईनेछ ॥ निजले म्याद भित्र रितपूर्वक सम्झौता नगरेमा निजको धरौटी जफत गरी दोश्रो बढि कबोल गर्ने सँग सम्झौता गरिनेछ।

१०. तोकिएको म्याद नाघी आएको,रित नपुगेको,कुनै शर्त राखी पेश भएको, सूचनाका शर्तहरु विपरित भएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन।

११. यसमा उललेख भएका कुराहरु यसैबमोजिम र अन्य कुराहरु प्रचिलित कानुनबमोजिम हुनेछ।

२०८०/११/२६
दिपक लाल पाल
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner